**कृषि प्रदर्शनी तथा कृषक मेला-२०८१ को दौरान संचालन हुने सामुहिक नृत्य प्रतियोगिता सम्बन्धि नियमहरु**

१. एक विद्यालयबाट एक भन्दा बढी समूह समेत दर्ता गर्न मिल्ने छ ।

२. एक समुहमा न्युनतम ३ देखि अधिकतम ६ विद्यार्थी सामेल हुन सक्ने छन् ।

३. कृषि तथा वन विज्ञान विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरुले समेत समूह बनाई तोकिएको नियमहरु पालना गरि यस प्रतियोगितामा भाग लिन पाउने छन् ।

४. प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यालयले कृषि तथा वन विज्ञान विश्वविद्यालयको नेपाल बैंक लिमिटेड, रामपुर शाखामा रहेको आम्दानी खाता न ०८५००१०७५४४५०६०००००१ मा दर्ता शुल्क बापत रु १००० (अक्षरुपि: एक हजार रुपैया मात्र) प्रति समूह जम्मा गर्नु पर्ने छ ।

५. रकम जम्मा भएको भौचर agrifair@afu.edu.np मा इमेल गरेपछि आधिकारिक रुपमा दर्ता नम्बर प्राप्त गर्न सकिने छ ।

६. नृत्य प्रतियोगिताको तयारी एवं सम्पूर्ण भेषभुषाको जिम्मेवारी सम्बन्धित विद्यालय/समूहकै हुनेछ ।

७. नृत्यमा पूर्ण रुपमा नेपाली गित मात्र प्रयोग गर्नु पर्ने छ ।

८. प्रतियोगितामा स्वतन्त्र निर्णायक मण्डल मार्फत नृत्य प्रतियोगिताको मुल्यांकन गराइने छ ।

९. प्रतियोगितामा बिजेता हुने टोलीलाई निम्न अनुसारको पुरस्कार राशी प्रदान गरिने छ ।

प्रथम: २०,००० (अक्षरुपि: बिस हजार रुपैया मात्र)

द्वितीय: १५,००० (अक्षरुपि: पन्ध्र हजार रुपैया मात्र)

तृतीय: १०,००० (अक्षरुपि: दस हजार रुपैया मात्र)

*माथी उल्लेखित पुरस्कार राशिमा नियम अनुसारको कर कट्टी गरिने छ ।

१०. कार्यक्रममा आउने जाने लगायतको सम्पूर्ण व्यवस्थापनको जिम्मेवारी समेत सम्बन्धित विद्यालय/समूहकै हुनेछ ।

११. नृत्य प्रतियोगिताको लागी आउने समुहको नेतृत्व एक जना शिक्षकले गर्नु पर्ने छ । सचिवालयले आवश्यकता अनुसार शिक्षक संग आवश्यक समन्वय गर्ने छ । विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरुको हकमा विश्वविद्यालयमा अध्ययनरत सिनियर विद्यार्थीले समन्वय गर्ने छन् ।

१२. नृत्य प्रतियोगिताको समय व्यवस्थापन पूर्ण रुपमा मेला सचिवालयले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. प्रतियोगिताको लागि दर्ता गर्ने मिति २०८१/०८/२५ सम्म मात्र हुनेछ ।

१४. प्रतियोगिता सम्बन्धि सम्पूर्ण अधिकार मेला आयोजक (सचिवालय) मा निहित हुने छ ।